नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# राष्ट्रिय विधि विज्ञान प्रयोगशाला

खुमलटार, ललितपुर

## DNA Profiling Kits & Accessories खरिदको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना
(सूचना प्रकाशित मितिः २०७६/०८/०९)

यस प्रयोगशालाको आ.व.२०७६/७७ को स्वीकृत कार्यक्रम तथा स्पेशिफिकेशन अनुसारका DNA Kits & Accessories खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट रीतपुर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ

१. बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिन भित्र कार्यालय समयमा व्यवसाय दर्ताको इजाजत पत्र, फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर (प्यान) प्रमाणपत्र र आ.ब. ०७५/७६ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपि निवेदन साथ पेश गरेपछि बोलपत्र फाराम वापत रु.३,०००।- (तीन हजार) नगद दस्तुर तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको बोलपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरी यो सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजे सम्म यस प्रयोगशालामा दर्ता गराउनु पर्नेछ।

३. बोलपत्रदाताले धरौटी वापत कबोल अंकको न्यूनतम २.५ प्रतिशतले हुन आउने रकम यस प्रयोगशालाको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, लगनखेल खाता नं. ११२०००००१३०६ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस प्रयोगशालाको नाउँमा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२० दिन (बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट) म्याद भएको विडवण्ड पेश गर्नुपर्नेछ।

४. दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारमहरु ३१ औं दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन। फारम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु बिदापछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. बोलपत्रहरु पूर्ण वा आंशिक प्याकेजको रुपमा समेत पेश गर्न सकिनेछ।

६. रीत नपुगेका र म्याद नाघि आएका बोलपत्रहरु उपर कुनै कार्यवाही गरिने छैन।

७. बोलपत्र सम्बन्धी शर्तहरु र स्पेशिफिकेशन बोलपत्र फाराम साथ उल्लेख गरिए बमोजिम हुनेछ।

८. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ अनुसार हुनेछ।

९. बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक परेमा यस प्रयोगशालामा सम्पर्क गरि बुझ्न सकिनेछ।